# धनगढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(कर्मचारी प्रशासन शाखा)

**टिप्पणी र आदेश**

धनगढी, सिरहा
२ नं. प्रदेश, नेपाल
स्था : २०७३
फोन नं. : ०३३-५४५२३८
Email: dhangadhimai@gmail.com


प.स. : २०७४/७५ मिति : २०७४/१२/१८
च.नं. :

बिषय : छात्रबृत्ति सम्बन्धमा ।

श्रीमान्,

धनगढीमाई नगरपालिकाको २०७४ पौष १९ र २० गते सम्पन्न प्रथम नगर सभाबाट पारित आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रम तथा धनगढीमाई नगर कार्यपालिकाको मिति २०७४।१०।२७ गतेको निर्णय अनुसार धनगढीमाई नगरपालिका भित्रका सामुदायिक विद्यालयबाट गत वर्ष एस.ई.ई. परिक्षा उतिर्ण गरी यस वर्ष सो भन्दा माथिल्लो तह कक्षा ११ मा अध्ययन गरिरहेका दलित समुदायबाट सबै भन्दा उच्चतम अंक प्राप्त गर्ने एक छात्र र एक छात्रा दलित विद्यार्थीलाई "नगर प्रमुख छात्रबृत्ति" दिने कार्यका लागि कार्यालयबाट मिति २०७४।११।२७ गते सूचना प्रकाशित गरिएको ।

कार्यालयबाट सूचना प्रकाशित भए बमोजिम धनगढीमाई नगरपालिका वडा नं. १२ स्थित विष्णुपुरकट्टी निवासी मुकेश कुमार पासमानले छात्रतर्फबाट "नगर प्रमुख छात्रबृत्ति" को लागि कार्यालयले माग गरेको विवरण सहित तोकिएको समय भित्र दलित समुदायको छात्रतर्फ छात्राबृत्ति माग गरेको तर छात्र तर्फ निबेदन प्राप्त हुन नआएको ।

नगर सभाको नीति तथा कार्यक्रम र नगर कार्यपालिकाको निर्णय अनुसार माथि उल्लेखित ठेगाना भएको श्री ऐभरेष्ट इन्टरनेशनल उ.मा.वि.मा कक्षा ११ मा अध्ययनरत श्री मुकेश कुमार पासमानलाई कक्षा ११ मा अध्ययन गर्न रु ५०,०००। (पचास हजार) "नगर प्रमुख छात्रबृत्ति" प्रदान गर्न मनासिव देखि निर्णायार्थ पेश गर्दछु ।

२०७४।१२।१८

२०७४।१२।१९